फो.नं. ९७७-०२१-५५५२१२
५५६११२
५५६१११
५५५२१६

# पथरी शनिश्चरे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## पथरी, मोरङ

प्रदेश नं १,नेपाल

प.सं. २०७७/०७८
च.नं.

मिति :२०७८।०१।१३

विषय: अत्यन्त जरुरी सूचना ।

यस नगरपालिका क्षेत्रमा कोरोना भाइरसको जोखिम बढ्न सक्ने अवस्थालाई मध्यनजर गरी नगरपालिकामा गठन भएको कोरोना भाइरस जोखिम न्यूनिकरण नगरस्तरीय समन्वय समितिको मिति २०७८।०१।१३ गते बसेको बैठक निर्णयवाट देहाय वमोजिम निर्णय भएको हुँदा नगरवासी लगायत सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

देहाय

१. मिति २०७८।०१।१४ गते देखि यस पथरी शनिश्चरे नगरपालिका क्षेत्रमा रहेका शैक्षिक संस्थाहरु तथा अध्ययन केन्द्रहरुमा भौतिकरुपमा प्रत्यक्ष उपस्थित भइ पठनपाठन गर्ने कार्य मिति २०७८।०१।१४ गते देखि बन्द गर्ने ।
२. मिति २०७८।०१।०५ को नगरशिक्षा समितिको निर्णयानुसार केही शैक्षिक संस्थाहरुमा परीक्षा सुचारु भैरहेकोले सम्बन्धित विद्यालय ब्यवस्थापन समितिको निर्णयवाट नेपाल सरकार,प्रदेश सरकार तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको सम्पूर्ण स्वास्थ्य मापदण्ड पुरा गर्ने ब्यवस्था मिलाई २०७८ बैशाख मसान्त भित्र (कक्षा ८ वाहेक १–९) वार्षिक परीक्षा सम्पन्न गर्ने ।
३. यस नगरपालिका क्षेत्र भित्र रहेका सिनेमाहल, पार्टीप्यालेस, क्लव, हेल्थ क्लव, ,स्वीमिङपुल, सभा,आमसभा,जुलुस,साप्ताहिक हाटवजर,रंगशालामा हुने दर्शक सहितको खेलकुद कार्यक्रम लगायत २५ जना भन्दा बढी सहभागी हुने कार्यक्रम मिति २०७८।०१।१४ गते देखि बन्द गर्ने ।
४. यस नगरपालिका क्षेत्रमा स्थायी बसोवास रही बैदेशिक रोजगारवाट घर फर्कने नगरवासीहरुले अनिवार्यरुपमा १० दिन होमक्वारेन्टिममा रहनु पर्ने ।
५. नेपाल सरकार, प्रदेश सरकार,स्वास्थ्य तथा जनसंख्या मन्त्रालय साथै नगरस्तरीय समितिको निर्णय उल्लङ्घन गरेमा वा स्वास्थ्य मापदण्डको पालना नगरेमा स्थानीय प्रशासनले कानूनी कार्वाही अगाडि वढाउन सक्नेछ ।

२०७८।०१।१३
शिवकुमार
अधिकृत